आज मिति २०७५।०९।०३ गते मंगलबारका दिन यस माधव नारायण नगरपालिकाका नगर प्रमुख श्री बीरेन्द्र प्रसाद यादव ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा तपसिल बमोजिमका सदस्यहरुको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

| क्र.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री बीरेन्द्र प्रसाद यादव | प्रमुख | |
| २ | श्री सिमल साह | उप प्रमुख | |
| ३ | श्री रणधिर प्रसाद यादव | सदस्य | |
| ४ | श्री हनुमान सहनी मलाह | सदस्य | |
| ५ | श्री राजकुमार राय यादव | सदस्य | |
| ६ | श्री रामदेनी मुखिया | सदस्य | |
| ७ | श्री जमिलकर मंसुरी | सदस्य | |
| ८ | श्री राजीव कुमार यादव | सदस्य | |
| ९ | श्री दिलीप कुमार यादव | सदस्य | |
| १० | श्री जितेन्द्र प्रसाद | सदस्य | |
| ११ | श्री जगरीत सहनी | सदस्य | |
| १२ | श्री दिपेन्द्र कुमार मुखिया | सदस्य | |
| १३ | श्री जनक मण्डल सुडी | सदस्य | |
| १४ | श्री रुप नारायण बैठा धोबी | सदस्य | |
| १५ | श्री बबिता कुमारी पासवान | सदस्य | |
| १६ | श्री गायत्री देवी | सदस्य | गायत्री |
| १७ | श्री रुनिया देवी बनिया | सदस्य | |
| १८ | श्री नुतन कुमारी | सदस्य | नुतन कुमारी |
| १९ | श्री प्रमिला देवी | सदस्य | प्रमिला |
| २० | श्री प्रलव कायस्थ | सदस्य सचिव | |

Scanned with CamScanner

निर्णयहरु :

निर्णय नं. १ :

माधव नारायण नगरपालिकाको वडा नं. २, खेसरहियामा संचालनमा रहेको प्रसुती गृहमा एक (१) एम्बुलेन्स नितान्त आवश्यक रहेकाले श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत श्री भारतीय राजदुतावाससँग एक (१) थान एम्बुलेन्स माग गर्ने निर्णय गरियो ।

निर्णय नं. २ :

माधव नारायण नगरपालिकाको विभिन्न कार्यहरु संचालन गर्नका निमित्त तपसिल बमोजिमका ऐन, कानुन, नियमावली, कार्यविधिहरु हाललाई यस कार्यपालिकाबाट स्वीकृत गरी नगर सभाबाट अनुमोदन गराउने गरी तत्काल कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

तपसिल

१. नगर प्रहरी ऐन
२. नगर प्रहरी कार्यविधि
३. व्यवसाय दर्ता कार्यविधि
४. स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि
५. स्थानीय तहको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन
६. स्थानीय राजपत्र
७. नगरपालिका आपतकालीन कार्यसञ्चालन केन्द्र कार्यसञ्चालन विधि
८. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि
९. स्थानीय उर्जा विकास सम्बन्धि निर्देशिका
१०. स्थानीय विपद् व्यवस्थापन कोष संचालन कार्यविधि
११. नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन
१२. अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि
१३. ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका

निर्णय नं. ३ :

यस नगरपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालयहरु संचालन गर्नका लागि विभिन्न पदमा कर्मचारी भर्ना गर्न आवश्यक देखिएकाले माग बमोजिमका पदहरुमा कर्मचारी नियुक्त गर्ने निर्णय गरियो ।

तपसिल

१. कार्यालय सहयोगी तथा स्वीपर १०
२. कम्प्यूटर अपरेटर १०
३. नगर प्रहरी २७
४. अ.हे.व. २
५. अनमी २
६. ना.प्रा.स. (पशु) ३
७. सुपरभाईजर २

Scanned with CamScanner

निर्णय नं. ४ :

यस नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्र वितरण गर्नका लागि तपसिल बमोजिमको स्थानीय समन्वय समिति गठन गर्ने निर्णय गरियो साथै तत्कालमा मानोनयन हुन नसकेको व्यक्तिहरुलाई क्रमिक रुपमा चयन गर्ने निर्णय समेत गरियो ।

तपसिल

१. नगरपालिकाको उप प्रमुख - संयोजक
२. नगरपालिकाले तोकेको महिला सदस्य - सदस्य (गायत्री देवी)
३. नगरपालिका भित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापक - सदस्य (मा.वि माधोपुर)
४. कार्यपालिकाको अध्यक्ष वा नगर प्रमुखले तोकेको स्थानीय स्वास्थ्य चौकीको चिकित्सक - सदस्य (७ नं. स्वास्थ्य चौकी प्रमुख)
५. स्थानीय प्रहरी कार्यालयको प्रमुख - सदस्य (प्रहरी चौकी माधोपुर)
६. नगर प्रमुखले तोकेको अपाङ्गता भएको व्यक्ति सम्बन्धी कार्य गर्ने संस्थाको प्रतिनिधी - सदस्य
७. नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरु मध्येबाट समन्वय समितिको मनोनय गरेको एकजना महिला सदस्य सहित तीन जना - सदस्य
८. कार्यालय प्रमुख - सदस्य
९. उप प्रमुखले तोकेको नगरपालिकाको कर्मचारी - सदस्य (स. म. वि. अधिकृत)

निर्णय नं. ५ :

यस नगरपालिकाको आ.व. ०७५/०७६ को विनियोजित बजेट वमोजिम प्रत्येक वडा कार्यालयमा मासिक रु. १५,०००।- ( अक्षरेपी रुपैयाँ पन्ध्र हजार मात्र ) तथा कार्यपालिकाको सदस्यहरुलाई मासिक रु ३,०००।- ( अक्षरेपी रुपैयाँ तीन हजार मात्र ) (ईन्धन सहित ) संचालन खर्च तथा प्रत्येक वडा अध्यक्षलाई मासिक २५ (पच्चिस) लिटर पेट्रोल तथा कर्मचारीहरुलाई मासिक १० (दश) लिटर पेट्रोल सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६ :

नेपाल सरकारबाट जारी भएको कर्मचारी समायोजन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेशको दफा ६ को उपदफा ४ बमोजिम साविकको स्थानीय निकाय बाट स्थायी नियुक्ति पाएका यस नगरपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई यस नगरपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालयहरुमा समायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ :

यस माधव नारायण नगरपालिकाको आ. व. ०७५/०७६ मा अर्को व्यवस्था नभए सम्मको लागि गत आ.व.को गाडी भाडा सम्झौतालाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ८

यस माधव नारायण नगरपालिकामा हाल सम्म मालपोतको रकम नगरपालिकाको कार्यालयमा मात्र असुल भईरहेको हुँदा अब उपरान्त मालपोत रकम वडा कार्यालयमा समेत असुल गर्नका लागि आवश्यक व्यवस्था गर्ने निर्णय गरियो । साथै वडामा मालपोत रसिद काट्दा प्रत्येक रसिद संग तपसिल बमोजिमको कागजात संलग्न राख्नु पर्ने व्यवस्था समेतको निर्णय गरियो । साथै आर्थिक हिनामिना देखिएको खण्डमा सम्बन्धित वडाको वडा अध्यक्ष तथा वडा सचिवले बराबरी रुपमा रकम दाखिला गर्नुपर्ने समेत निर्णय गरियो ।

तपसिल

१. पछिल्लो पटक मालपोत तिरेको रसिदको प्रतिलिपी

२. जग्गा धनी लालपूर्जाको प्रतिलिपी

३. रसिद नियन्त्रण खाता

निर्णय नं. ९ :

यस नगरपालिकाको वडा नं. ४ तथा वडा नं. ६ जोड्ने सडकमा पूल निर्माणको शिलान्यास गर्नका लागि नेपाल सरकारका सम्माननीय उप-प्रधान एवम् स्वास्थ्य तथा जनसंख्या मन्त्री माननीय श्री उपेन्द्र प्रसाद यादव ज्यू पाल्नु हुने भएकोले सो का लागि आवश्यक व्यवस्थापन गर्ने गराउने निर्णय गरियो ।

आज मिति २०७५।०९।०३ गत्ते बसेको यस माधव नारायण नगर कार्यपालिकाको बैठक यसैका साथ सम्पन्न भएको निर्णय गरियो ।

Scanned with CamScanner

Madhav Narayan Municipality- MSNP 2075/076

| qm=;** | lj/)f | संख्या | दर | जम्मा खर्च | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | लक्षित वर्गको घरपरिवामा करेसाबारी निर्माणको लागी बिउ बिजन तथा बेर्ना बितरण | 800 | 500 | 400000 | कृ |
| 2 | सुनौला हजार दिनका परिवारलाई प्रत्साहनको लागी अण्डा, घियु उपहार तथा बितरण गर्ने | 350 | 500 | 175000 | प |
| 3 | सुनौला हजार दिनका बिपन्न परिवारलाई कुखुरा पालनको लागी चल्ला बितरण | 395 | 700 | 276500 | प |
| 4 | नश्ल सुधारको लागी उन्नत जातको समुहमा बोका बितरण | 9 | 60000 | 540000 | प |
| 5 | पोषण स्वयं सेवकको तलब भत्ता रु १२००० प्रति महिना | 9 | 12000 | 108000 | नगरपालि |
| 6 | महिला समुहका प्रतिनिधि र सहकारी संस्थाहरुका प्रतिनिधिहरुलाई एक दिने पोषण सम्बन्धी अभिमुखिकरण गर्ने | 54 | 1000 | 54500 | महिला त बालबालि |
| | | | | **15,54,000** | |
| | **MoFAGA** | | | | |
| 7 | प्लाटिक घरमा नमुना खेती प्रदर्शन | 2 | 50000 | 100000 | कृ |
| 8 | पोषणयुक्त खाद्य सामग्री उत्पादन गर्न कृषकहरुको क्षमता बृद्धि गर्ने | 200 | 500 | 100000 | कृ |
| 9 | विद्यालय तथा प्रारम्भिक बालबिकास केन्द्रमा पोषण कर्नरको व्यवस्थापन गर्ने | 9 | 20000 | 180000 | शि |
| 10 | विद्यालयहरुको स्वच्छता प्रवर्द्धनको लागी नमुनाको रुपमा सरसफाई सम्बन्धी सामग्रीहरु वितरण (ठुलो डस्टवीन, सानो डस्टवीन, साबुन, तौलीया, बाल्टिन, जग, बेसिंग आदि) | 15 | 15000 | 225000 | खानेपा त सरफ |
| 11 | महिला समुहका प्रतिनिधि र सहकारी संस्थाहरुका प्रतिनिधिहरुलाई एक दिने पोषण सम्बन्धी अभिमुखिकरण गर्ने | 50 | 1000 | 50000 | महिला त बालबालि |
| 12 | सुनौला हजार दिनका श्रीमान श्रीमती बीच सम विकास सम्बन्धी तालीम व्यवस्थ गर्ने | 300 | 600 | 180000 | महिला त बालबालि |
| 13 | पोषण सम्बन्धी सन्देसमुलक होर्डिंग बोर्डको व्यवस्थापन | 9 | 20000 | 180000 | नगरपालि |
| 14 | बहुक्षेत्रीय पोषण सम्बन्धी टि शर्ट तयार | 150 | 1000 | 150000 | नगरपालि |
| 15 | नगरपालिका, गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको नियमित बैठक तथा गठन | 3 | 33000 | 99000 | नगरपालि |
| 16 | वडा स्तरीय स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको नियमित बैठक तथा गठन | 9 | 15000 | 135000 | नगरपालि |
| 17 | संयुक्त अनुगमन | 3 | 25000 | 74000 | नगरपालि |
| 18 | पोषण स्वयं सेवकको नगरपालिका श्रोतबाट थप तलब भत्ता रु ३००० प्रति महिना | 9 | 3000 | 27000 | नगरपालि |
| | Madhav Narayan Muunicipality | | | **15,00,000** | |
| | Grand Toral (15,54,000+15,00,000) | | | **30,54,000** | |

Scanned with CamScanner

आज मिति २०७५/३/०२ का दिन यस माधव नारायण न.पा. मा संचालित बहुक्षेत्रीय पोषण योजना संचालनका लागी श्री नरेन्द्र प्र. यादव अध्यक्षतामा बसेको कार्यपालिकाको बैठक बसी तपशिल अनुसारको प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**प्रस्ताव नं १ बहुक्षेत्रीय पोषण योजना अन्तरगत छनौट भएका कृयाकलापहरु पारित गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. ०७५/०७६ का लगी बहुक्षेत्रीय पोषण योजना अन्तरगत छनौट भएका कृयाकलापहरु मध्ये नेपाल सरकारको जम्मा रु १५,४८,०००/- र नगरपालिका श्रोतबाट थप रु १५,००,०००/- गरी जम्मा रु ३०,४८,०००/- को बिभिन्न कृयाकलापहरु पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २ कार्यक्रम संचालन सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा बहुक्षेत्रिय पोषण योजनाका लागी छनौट गरिएका कृयाकलपहरु सम्बन्धीत विषयगत प्रमुख वा संयोजकहरुले आ आफनो विषयका कृयाकलापहरुको बजेट निकाशा लिई तथा यस नगरपालिकामा अनुपस्थित रहेका विषयगत संयोजकहरुका कृयाकलापहरु नगरपालिकाले स्वम् वा कुनै कर्मचारीलाई नै जिम्मेबारी दिई पोषण स्वय सेवकको सहयोगमा कार्यक्रमहरु संचालन गरी समयमा नै समापन गर्ने भनी यस ना.पा स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिले निर्णय गरियो ।

**प्रस्ताव नं. ३ पालिका स्तरबाट गर्नुपर्ने प्रतिवेदनको सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा बहुक्षेत्रिय पोषण योजना कार्यान्वयन गर्दा कृयाकलापहरुको खर्च विवरण सहितको प्रतिवेदन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय तह तथा समन्वय शाखा लाई पठाउनुपर्ने तथा प्राविधिक र वित्तिय प्रतिवेदन बहुक्षेत्रिय पोषण योजनाका लागी जिल्ला समन्वय समितिमा रहेका जिल्ला संयोजक रहेदासम्म जिल्ला संयोजक लाई पनि उपलब्ध गराउने भनी यस पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिले निर्णय गरियो ।

Scanned with CamScanner